नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

सानोठिमी, भक्तपुर

## पत्रकार भेटघाट कार्यक्रम

माघ २४, २०७६ सानोठिमी, भक्तपुर

नेपालको राष्ट्रिय आवश्यकताअनुरूप चिकित्सा शिक्षाको क्षेत्रलाई विकास गर्न चिकित्सा शिक्षाको नियमन र व्यवस्थापनलाई एकीकृत तथा चुस्त बनाउँदै चिकित्सा शिक्षासम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न, चिकित्सा शिक्षामा गुणस्तर, पेसाधर्मिता, संस्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सबै वर्ग र समुदायका विद्यार्थीहरूको समतामूलक पहुँच सुनिश्चित गर्न विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावना समेतलाई दृष्टिगत गरी चिकित्सा शिक्षा आयोगको स्थापना तथा सञ्चालन गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन वि.सं २०७५ फागुन १० गतेबाट जारी भई सोअनुसार चिकित्सा शिक्षा आयोग स्थापना भएको व्यहोरा यहाँहरूलाई विदितै छ।

यो ऐन तत्काल लागू हुने प्रावधानबमोजिम २०७५ साल चैत्र ४ गते ऐन बमोजिम पहिलो बैठक बसेको थियो भने दास्रो बैठक २०७६ असोज १ मा बसेको थियो । आयोगलाई पूर्णता दिने क्रममा नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७६।०५।२६ मा आयोगका उपाध्यक्षमा प्रा. डा. श्रीकृष्ण गिरीज्यूको नियुक्ति गरेकोमा उहाँले २०७६ भाद्र २९ गतेबाट कार्य आरम्भ गर्नु भएको थियो । उक्त ऐन अनुसार आयोगमा योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, मापदण्ड तथा प्रत्यायन निर्देशनालय, परीक्षा निर्देशनालय, नेशनल बोर्ड अफ मेडिकल स्पेशियालिटिज गरी ४ ओटा निर्देशनालय रहने प्रावधान बमोजिम ४ जना निर्देशकहरुको मनोनयन २०७६।०८।५ गते भएको थियो । ऐन अनुसार आयोगको नियमित कार्य सञ्चालन गर्न कार्यकारी निकायका रूपमा कार्यकारी समिति रहने व्यवस्था भएकामा हालसम्म उक्त समितिका ४४ ओटा बैठक बसी विभिन्न नीतिगत तथा कार्यगत निर्णय गरेको छ ।

चिकित्सा शिक्षा आयोगबाट हालसम्म भएगरेका कार्यहरूका बारेमा सञ्चार जगतलाई समयसमयमा अवगत गराई आयोगबाट सम्पन्न भएका तथा हुन गइरहेका कार्यहरूको प्रचारप्रसार तथा प्रबोधीकरण गर्दै सञ्चार क्षेत्रले अनुभूत गरेअनुसार सुसूचित हुँदै अमूल्य सुझाव तथा पृष्ठपोषण प्राप्त गरी आयोगको कार्य सञ्चालनमा थप प्रभावकारिता ल्याउनका लागि सञ्चार जगतसँग अन्तरक्रिया/साक्षात्कार गर्न खोजिएको हो ।

### सम्पादित मुख्य कार्यहरू

**१. आयोगको कार्यालय भवन व्यवस्थापन र भवन निर्माण कार्य** : आयोगका लागि कार्यालय भवन व्यवस्थान सम्बन्धमा साबिकको शैक्षिक जनशक्ति विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रयोग गरेको भवन र परिसर प्रयोग गर्ने निर्णय भएअनुसार हाल प्रयोग भइरहेको छ । चालू आ.व. मा चिकित्सा शिक्षा आयोगको भवन निर्माण सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।०६।३० गतेको निर्णय (मा. मन्त्रीज्यूको अध्यक्षतामा) बाट उपलब्ध गराइएको साविक शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा चिकित्सा शिक्षा आयोगको भवन निर्माणका लागि चिकित्सा शिक्षा आयोगले बजेट तथा कार्यक्रम व्यवस्था गरी अख्तियारी सहित भवन (प्रिफ्याव) निर्माणको जिम्मा शहरी विकास तथा भवन निर्माण विभागलाई दिएको ।

**२. संगठन संरचना तयारी** : चिकित्सा शिक्षा आयोगको कार्यालयमा हाल अस्थायी स्वीकृत दरवन्दीका आधारमा संचालन भई रहेको र स्थायी संगठन संरचना स्वीकृत नभएकोले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को भावना र मर्म अनुसारको कार्य गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न संगठन संरचना तयार गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा सहमतिका लागि पेश गरिएको ।

**३. चिकित्सा शिक्षा नियमावली तर्जुमा**: राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ लाई सहजरूपमा कार्यान्वयन गर्नका लागि चिकित्सा शिक्षा नियमावली आवश्यक भएकाले यसको मस्यौदा तयारी कार्य अन्तिम चरणमा पुगेको र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत नेपाल सरकारमा स्वीकृतिका लागि छिटै पेस गरिने।

**४. शुल्क निर्धारण** : नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७५ को मुद्रास्फिति ४.५ प्रतिशतका दरले हुन आउने रकम कायम गरी शैक्षिक सत्र २०७६।०७७ को लागि निर्धारित शुल्क देहायबमोजिम रहेको छ ।

| | **उपत्यकाभित्र** | **उपत्यकाबाहिर** |
|---|---|---|
| एमबिबिएस | रु. ४०,२३,२५० | रु ४४,३६,०२५ |
| बिडिएस | रु २०,१९,५८० | रु २०,१९,५८० |

**५. छात्रवृत्ति वितरण**: चिकित्सा शिक्षाको स्नातक तहको ७५ प्रतिशत निःशुल्क छात्रवृत्तिका लागि नेपाल सरकारबाट बजेट व्यवस्था भएको र यसै आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले छात्रवृत्ति सम्बन्धी नियमावली २०७२ (छैटौं संशोधनसहित) को आधारमा निशुल्क छात्रवृत्ति पाउने विद्यार्थीहरू छनोट गरी अध्ययनका लागि मनोनयन गरिसकेको । सो अनुसार आयोगबाट छात्रवृत्ति रकम उपलव्ध गराउन तयारी अवस्थामा रहेको ।

**६. प्रवेश परीक्षा तयारी पाठ्यक्रम** : चिकित्सा शिक्षा आयोगको मिति २०७६/६/१ गतेको निर्णयअनुसार चिकित्सा शिक्षाको स्नातकोत्तर तहमा एकीकृत प्रवेश परीक्षा (Common Entrance Exam) चालु शैक्षिक सत्र र स्नातक तहको आगामी शैक्षिक सत्रदेखि लागू गर्न आवश्यक कानूनी तथा व्यवस्थापकीय व्यवस्था मिलाउन आयोगका उपाध्यक्षको संयोजकत्वमा विश्वविद्यालय र प्रतिष्ठानका डिनहरू सदस्य रहेको एकीकृत प्रवेश परीक्षा समिति गठन गरिएको । हाल स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षा सञ्चालनका लागि पाठ्यक्रमलगायत अन्य तयारी कार्य भईरहेको छ ।

**७. कर्मचारी व्यवस्थापन**: राष्ट्रिय चिकित्सा शिक्षा आयोगले पूर्णता नपाउञ्जेल, संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई कार्यान्वयन नभएसम्मका लागि आयोगका दैनिक कार्य सम्पादन लगायतका प्रशासनिक कार्यहरु सुचारु राख्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने निर्णय भएअनुसार अस्थाई दरबन्दी स्वीकृत भई कर्मचारी व्यवस्थापन भएको ।

**८. अनुगमन मूल्याङकन पद्धति तथा मापदण्ड (Yardsticks) निर्माण कार्य** : काउन्सिलहरूले गर्दै आएको शिक्षण संस्थाहरूको सिट निर्धारण तथा अनुगमन कार्य आयोगले गर्ने भएकाले विश्वविद्यालय र प्रतिष्ठानका प्रतिनिधिहरूको सहभागितामा अनुगमन मूल्याङकन पद्धति एवम् मापदण्ड (Yardsticks) निर्माण कार्य भईरहेको ।

**९. शैक्षिक क्यालेण्डर निर्माण** : शिक्षण संस्थाअनुसार फरक शैक्षिक क्यालेण्डर प्रयोग भईरहेकोमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार सबै शिक्षण संस्थाहरूलाई एउटै शैक्षिक क्यालेण्डर लागू गरी शैक्षिक कार्यक्रम र समयावधिमा एकरूपता कायम गर्ने ध्येयका साथ विश्वविद्यालय र प्रतिष्ठानका प्रतिनिधिहरूको सहभागितामा एकीकृत शैक्षिक क्यालेण्डर निर्माण कार्य भईरहेको ।

**१०. मापदण्ड, कार्यविधि र निर्देशिका निर्माण** : आयोगले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम तोकिएका कार्य सहजकताका साथ सम्पादन गर्न निर्देशनालय र बोर्डका लागि आवश्यक हुने कार्यप्रकृति अनुसारका मापदण्ड, कार्यविधि र निर्देशिका निर्माण गर्न बजेट तथा कार्यक्रम बाँडफाँड गरी निर्देशनालय र बोर्डलाई जिम्मेवारी दिई सकिएको ।

**११. स्वास्थ्य शिक्षा व्यवस्थापन तथा सूचना प्रणाली (HEMIS)** : "सूचना नै शक्ति हो" भन्ने उक्तिलाई मनन गर्दै चिकित्सा शिक्षा आयोगले स्वास्थ्य शिक्षा क्षेत्रको सूचना तथा तथ्याङ्क संकलन, व्यवस्थापन, विश्लेषण, प्रयोग र प्रबोधीकरण गर्ने उद्देश्यका साथ सफ्टवेयरमा आधारित स्वास्थ्य शिक्षा व्यवस्थापन तथा सूचना प्रणाली (HEMIS) विकास गर्ने कार्यारम्भ भएको छ ।

**१२. निर्देशन तथा विज्ञप्ति सम्प्रेषण**: चिकित्सा शिक्षा आयोगले तोकिएको शिक्षण शुल्क मात्र लिन तथा अन्य विविध विषयमा शिक्षण संस्थालगायत सम्बन्धित निकायहरूलाई समयसमयमा निर्देशन दिने र प्रेस विज्ञप्तिमार्फत सबै सरोकारवालहरूलाई जानकारी दिने कार्य गरिरहेको गरेको छ ।

**१३.बढी शुल्क फिर्ता तथा समायोजन**: मेडिकल कलेजहरूले विद्यार्थी तथा अभिभावकबाट नेपाल सरकारले विगतमा तोकेको भन्दा बढी शुल्क लिएको भन्ने विभिन्न सवालमध्ये शैक्षिक सत्र २०७२/७३ र २०७३/७४ शुल्क

सम्बन्धमा चिकित्सा शिक्षा आयोगको कार्यकारी समितिले कार्यदल गठन गरेको र शुल्क सम्बन्धमा कार्यदलले अध्ययन कार्य सम्पन्न गरी प्रतिवेदन पेस गर्ने अवस्थामा रहेको छ ।

अन्तमा, पत्रकार मित्रहरू तथा सञ्चार जगतबाट सदा झैं रचनात्मक सहयोग प्राप्त हुने कुरामा आयोग विश्वस्त रहेको छ ।

**धन्यवाद**